# नेपाली कम्युनिष्ट पार्टी

**Nepali Communist Party**

केन्द्रीय कार्यालय । Central Office

**अन्तरपार्टी निर्देशन - ५**

**प्रिय कमरेडहरू,**

मिति २०८३ असोज २३ गते नेपाली कम्युनिष्ट पार्टी, केन्द्रीय कार्य संयोजन समितिको छैटौं बैठक पार्टीका केन्द्रीय संयोजक क. पुष्पकमल दाहाल 'प्रचण्ड' को अध्यक्षता तथा सहसंयोजक क. माधवकुमार नेपालको सञ्चालनमा पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा सम्पन्न भयो । बैठकमा समसामयिक राष्ट्रिय परिस्थिति र पार्टीको आगामी कार्यभारका सन्दर्भमा संयोजक र सहसंयोजक कमरेडहरूले सम्बोधन गर्नुभयो । बैठकबाट पार्टीको संगठनात्मक सुदृढीकरण, जनजागरण अभियान, अधिवेशन तयारीलगायतका महत्वपूर्ण निर्णयहरू भएका छन् । ती निर्णयहरूको जानकारी र प्रभावकारी कार्यान्वयनका लागि यो **अन्तरपार्टी निर्देशन-५** जारी गरिएको छ ।

**१. राष्ट्रिय जागरण अभियान**

नेपाली कम्युनिष्ट पार्टीले कार्तिक र मंसिर महिनामा राष्ट्रिय स्वाधीनताको रक्षा, लोकतन्त्र र जनअधिकारको रक्षा, जनजीविका तथा पार्टी समायोजन, सदस्यता नवीकरण र संगठन सुदृढीकरणका लागि राष्ट्रिय राजनीतिक तथा संगठनात्मक विशेष अभियानका रूपमा "राष्ट्रिय जागरण अभियान" सञ्चालन गर्ने निर्णय गरेको छ ।

अभियानको उद्घाटन कार्तिक ७ गते बृहत् पत्रकार सम्मेलनसहित पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा गरिनेछ र उक्त अभियान मंसिर २५ गते सम्पन्न हुनेछ । अभियानको उद्घाटनअघि तयारी र कार्यविभाजनलगायतका कार्य सम्पन्न गरिसक्नुपर्नेछ । यो अभियान पार्टीको राष्ट्रिय महाधिवेशन, स्थानीय तह र प्रदेशसभाको निर्वाचन तथा सरकारले गरेका जनविरोधी क्रियाकलापका विरुद्ध आन्दोलनको तयारीका रूपमा सञ्चालन गरिनेछ । अभियानसम्बन्धी कार्यविधि र कार्ययोजना यसैसाथ संलग्न छ ।

**अभियानअन्तर्गत निम्न कार्यक्रमहरू सञ्चालन हुनेछन् :**

- पार्टी समितिहरू र जनवर्गीय तथा मोर्चा संगठनहरूको समायोजनको बाँकी काम सम्पन्न गर्ने,
- संगठित सदस्यता नवीकरण तथा विस्तार अभियान तीव्र रूपमा सञ्चालन गर्ने,
- पार्टीका बैठक, भेला, प्रशिक्षणलगायतका कार्यक्रमहरू सञ्चालन गर्ने,
- जनता र पार्टीबीचको सम्बन्धलाई प्रगाढ बनाउन जनताकेन्द्रित विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने,
- सांस्कृतिकलगायतका रचनात्मक कार्यक्रम सञ्चालन गर्ने,
- जनताका माग र दैनिक जनजीविकाका मुद्दाहरू सङ्कलन गरी सम्बन्धित निकायहरूमा पेश गर्ने र कार्यान्वयनका लागि पहल गर्ने,
- श्रम तथा जनसेवाका कार्यक्रम सञ्चालन गर्ने,
- विपद् प्रभावित क्षेत्रमा उद्धार, राहत र पुनर्स्थापनाका कार्यहरूमा सहयोग गर्ने,
- राष्ट्रिय स्वाधीनता, लोकतन्त्र, जनअधिकार, सुशासन तथा जनजीविकाका सवालमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,
- महँगी, भ्रष्टाचार, कालोबजारी, बेरोजगारी, असुरक्षा तथा जनताका अन्य समस्यामा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने । केन्द्रमा प्रधानमन्त्री, प्रदेशमा मुख्यमन्त्री तथा सम्बन्धित जिल्लामा प्रमुख जिल्ला अधिकारी वा सम्बन्धित निकायसमक्ष मागपत्र र ज्ञापनपत्र पेश गर्ने ।

अभियानका कार्यक्रम स्थानीय वस्तुस्थिति, जनताको आवश्यकता तथा सम्बन्धित तहको निर्णयअनुसार लचिलो ढंगले सञ्चालन गरिनेछ । अभियानमा केन्द्रदेखि स्थानीय समितिसम्मको सिङ्गो पार्टीपङ्क्ति परिचालित हुनेछ । सबै कमरेडहरूले यस अभियानलाई प्राथमिकताका साथ सफल बनाउन सक्रिय भूमिका निर्वाह गर्नुहुनेछ ।

## २. कार्य विभाजन सम्बन्धमा

अभियानका क्रममा केन्द्रीय कार्य संयोजन समितिका सदस्यहरूलाई देशभरिका विभिन्न जिल्लाहरूको समन्वय गर्ने जिम्मेवारीसहित उहाँहरु मतदाता रहेका प्रदेशहरुमा खटाइएको छ । उहाँहरूले प्रदेशसँगको समन्वयमा सम्बन्धित प्रदेशभित्रका जिल्लाका पार्टी समितिहरूसँग नियमित सम्पर्क, मार्गदर्शन, अनुगमन तथा समन्वय कायम गरी राष्ट्रिय जागरण अभियान, संगठनात्मक सुदृढीकरण र पार्टीका अन्य कार्यक्रमहरूलाई प्रभावकारी रूपमा अघि बढाउनुहुनेछ। अभियानका क्रममा पार्टीका सबै केन्द्रीय सदस्य, प्रदेश, जिल्ला र स्थानीय तहसम्मका नेता तथा कार्यकर्ताहरु आआफ्नो मतदाता नामावली रहेको क्षेत्रमा परिचालित हुनु पर्नेछ। गत निर्वाचनमा उम्मेदवार रहनुभएका कमरेडहरु आफू उम्मेदवार रहेको निर्वाचन क्षेत्रमा खटिनु पर्नेछ। प्रादेसिक जिम्मेवारीमा नरहनु भएका केन्द्रीय सदस्य कमरेडहरु पनि आआफ्नो मतदाता नामावली रहेको प्रदेस अन्तर्गत खटिनु पर्नेछ। पार्टीका केन्द्रीय सदस्यहरुले पालिका र वडा तहमा संचालित अभियान टोलीको नेतृत्व गर्नेछन्। प्रवास अन्तर्गतका प्रदेशका कमरेडहरु पनि सबैलाई कार्यरत् रहेकै देशमा अभियानमा जोडिने गरी सम्वन्धित प्रदेशले कार्यविभाजन गर्नेछन्। अभियानमा प्रदेश समितिहरूले आफ्ना प्रदेशअन्तर्गतका केन्द्रीय समिति सदस्यहरूसँग समन्वय गरी संगठनात्मक, वैचारिक र जनपरिचालनका काममा सक्रिय रूपमा अगुवाई गर्ने गरी कार्य विभाजन गर्नुपर्नेछ। प्रदेशका जिम्मेवारी तोक्न बाँकी रहेका केन्द्रीय सदस्यहरूको प्रदेशगतरुपमा अभियानमा जिम्मेवारी तोकिनेछ । प्रादेशिक जिम्मेवारीमा नरहनुभएका केन्द्रीय संयोजन समितिका कमरेडहरूलाई अभियान अवधिका लागि प्रदेशहरूमा कार्यविभाजन गरिनेछ । विभाग, मोर्चा र जनवर्गीय संगठनको जिम्मेवारीमा रहनुभएका कमरेडहरू पनि आ आफ्नो मतदाता नामावली रहेको श्रेत्रमा खटिनु पर्नेछ ।

## ३. केन्द्रीय बैठकहरू

पार्टी केन्द्रीय समिति, केन्द्रीय कार्य समिति र केन्द्रीय सचिवालयका बैठकहरू “राष्ट्रिय जागरण अभियान” सम्पन्न भएपश्चात् मंसिर महिनाको अन्तिम साता आयोजना गरिनेछ ।

## ४. वडा र पालिका अधिवेशनहरू

आगामी पौष ११ गते देशभरिका सम्पूर्ण वडाहरूमा एकै दिन पार्टीका वडा अधिवेशनहरू आयोजना गरिनेछ। त्यसैगरी माघ १५ गते देशभरिका सम्पूर्ण पालिकाहरू (महानगर, उपमहानगर, नगरपालिका र गाउँपालिका) मा एकै दिन पार्टीका पालिका अधिवेशनहरू आयोजना गरिनेछ। सबै तहका पार्टी समितिहरू अधिवेशनको तयारीमा सक्रिय रूपमा लाग्नुहुनेछ।

## ५. ‘ग्रे जोन’ बारे ध्यानाकर्षण

अमेरिकाबाट प्रकाशित हुने ‘ग्रे जोन’ लगायतका सञ्चार माध्यमहरूमा नेपालका वारेमा प्रकाशित समाचारप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ। यस्तो संवेदनशील विषयमा तत्काल सत्यतथ्य सार्वजनिक गर्न पार्टी सरकारसँग माग गर्दछ। हाम्रो पार्टीपङ्क्तिले यस्ता विषयहरूको व्यापक भण्डाफोर गर्नुपर्दछ ।

## ६. विधान मस्यौदा समिति गठन

पार्टीको विधानबारे उठेका सुझावहरूलाई ध्यानमा राखी विधान संशोधन प्रस्तावका लागि विधान संशोधन सुझाव समिति गठन समेतका निर्णय गर्ने अधिकार पार्टीका संयोजक र सहसंयोजकलाई दिने निर्णय गरिएको छ। मस्यौदा समितिले पेश गरेको विधान मस्यौदा आगामी केन्द्रीय कार्य समितिको बैठकमा प्रस्तुत गरिनेछ ।

**७. सामाजिक सञ्जाल व्यवस्थापन**

पार्टी मातहतका समितिहरूले सामाजिक सञ्जालअन्तर्गत आधिकारिक पेज वा ग्रुप निर्माण गरेको भए त्यसको जानकारी र नबनाएको भए आधिकारिक पेज तथा ग्रुप निर्माण गरी पार्टी केन्द्रलाई तत्काल जानकारी गराउन निर्देशन गरिन्छ ।

**८. शोक प्रस्ताव**

लामो समय जेल जीवन बिताउनुभएका कम्युनिष्ट नेता क. घनेन्द्र बस्नेत, पार्टी केन्द्रीय अनुशासन आयोगका सचिव क. अशोक रोकाय 'संकल्प', केन्द्रीय अनुशासन आयोगका सदस्य विजयबाबु बनबासी तथा केन्द्रीय सल्लाहकार परिषद्का सदस्यहरू क. पूर्णबहादुर गुरुङ र बौएलाल महतोको दुःखद निधन भएकोमा उहाँहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गर्ने शोक प्रस्ताव पारित गरिएको छ । साथै, भोटेकोशी नदीमा आएको प्रलयकारी बाढिका कारण नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य माधवप्रसाद लामिछानेका भाइ पूर्व जनमुक्ति सेनाका योद्धा क. बासुदेव (बासु) लामिछाने र रसुवागढी जलविद्युत् आयोजनामा इलेक्ट्रिकल इन्जिनियरका रूपमा कार्यरत जेठा छोरा समिर लामिछाने लगायत उक्त बाढीमा हराएका वा ज्यान गुमाएका पार्टीका सदस्य तथा आम नागरिकप्रति गहिरो श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ ।

**९. चाडपर्वको शुभकामना**

बैठकले यस वर्ष आउँदै गरेका बडादशैं, तिहार, छठ, नेपाल संवत् लगायतका चाडपर्वहरूको अवसरमा स्वदेश तथा प्रवासमा रहनुभएका सम्पूर्ण नेपाली नागरिकमा हार्दिक शुभकामना व्यक्त गरेको छ । साथै, उक्त चाडपर्वहरूका अवसरमा सबै तहका पार्टी समिति र जनवर्गीय संगठनहरूले शुभकामना आदानप्रदान, पर्व मिलन, सांस्कृतिक-खेलकुद लगायतका रचनात्मक कार्यक्रम तथा देउसी-भैलो आदि सञ्चालन गरी पार्टीका नीति, विचार र कार्यक्रमहरूको प्रचार गर्ने तथा जनसम्बन्ध बलियो बनाउने काम गर्न निर्देशन गरिन्छ ।

**प्रिय कमरेडहरू,**

उपर्युक्त निर्णयहरूलाई सबै तहका पार्टी समिति, विभाग, जनवर्गीय तथा मोर्चा संगठन र सम्पूर्ण कमरेडहरूले गम्भीरतापूर्वक ग्रहण गरी समयमै प्रभावकारी रूपमा कार्यान्वयन गर्नुहुन निर्देशन गर्दछौं । पार्टीको एकता, अनुशासन र जनआधार सुदृढ गर्दै अघि बढ्न सम्पूर्ण पार्टीपङ्क्तिमा अपिल गर्दछौं ।

***निरङ्कुशता र अराजकताको विरोध गरौं ।***
***राष्ट्रियता र लोकतान्त्रिक गणतन्त्रको रक्षा गरौं ।***

**क्रान्तिकारी अभिवादन सहित !**

**मिति : २०८३ असोज २५**

.................................
माधव कुमार नेपाल
सहसंयोजक

.................................
पुष्पकमल दाहाल 'प्रचण्ड'
संयोजक

# नेपाली कम्युनिष्ट पार्टी

## राष्ट्रिय जागरण अभियान

### १. प्रस्तावको सन्दर्भ र आवश्यकता

नेपालको अहिलेको स्थिति गत वर्ष भदौ २३ को जेनजी परिघटना र निर्वाचन पश्चात स्वाधीनताको दृष्टिले जटिल र चुनौतीपूर्ण परिस्थितिबाट गुज्रिरहेको छ । राष्ट्रिय सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाभिमान, लोकतान्त्रिक अधिकार, सुशासन र जनजीविकाका सवालहरू थप गम्भीर बन्दै गएका छन् । महँगी, बेरोजगारी, असुरक्षा, आर्थिक संकट, युवाशक्तिको विदेश पलायन, भ्रष्टाचार, बेथिति, राज्य संयन्त्रको कमजोर कार्यसम्पादन तथा जनताका आधारभूत समस्याप्रतिको गैरजिम्मेवार व्यवहारले जनतामा निराशा र असन्तुष्टि बढाइरहेको छ ।

बदलिँदो विश्व परिस्थिति र नेपालको संवेदनशील भूराजनीतिक अवस्थाबीच राष्ट्रिय हित, राष्ट्रिय सुरक्षा, स्वतन्त्र परराष्ट्र नीति तथा स्वाधीनताका प्रश्नमा थप सजग, जिम्मेवार र जनमुखी राजनीतिक पहल आवश्यक भएको छ। रसुवा भोटेकोशीमा आएको हिमालय महाविपत्तिलगायत बाढी पहिरोले प्रभावित जनताको उद्धार, राहत, क्षतिपूर्ति तथा पुनःस्थापनाको प्रश्नसमेत गम्भीर जनसरोकारको विषय बनेको छ ।

यस परिस्थितिमा नेपाली कम्युनिष्ट पार्टीले विगतका उपलब्धि, कमजोरी र अनुभवबाट शिक्षा लिँदै राष्ट्रिय स्वाधीनता, लोकतान्त्रिक अधिकार, जनजीविका, सुशासन, सामाजिक न्याय तथा राष्ट्रिय हितका पक्षमा स्पष्ट राजनीतिक पहल गर्न आवश्यक छ । देश र जनताको पक्षमा व्यापक जनसम्बन्ध तथा जनसहभागिता विस्तार गर्दै पार्टीलाई जनतासँग अझ नजिक जोड्नु आजको प्रमुख आवश्यकता बन्न गएको छ ।

यससँगै पार्टीको आगामी महाधिवेशनको तयारी, पार्टी तथा जनवर्गीय संगठनको समायोजन, सदस्यता नवीकरण तथा विस्तार, निष्क्रिय संगठनलाई पुनःसक्रिय बनाउने, टोलस्तरसम्म राजनीतिक-वैचारिक प्रशिक्षण सञ्चालन गर्ने, पार्टी कार्यालय स्थापना गर्ने, नियमित रिपोर्टिङ प्रणाली विकास गर्ने तथा पार्टीभित्र जिम्मेवारी र कामको अनुगमन-मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने कार्य पनि तत्काल सम्पन्न गर्नुपर्ने छ ।

यी दुवै कार्यभारलाई अलग-अलग कार्यक्रमका रूपमा सञ्चालन गर्नुको सट्टा राष्ट्रिय राजनीतिक विषय र पार्टी संगठन सुदृढीकरणलाई एकअर्काका पूरकका रूपमा जोडेर एउटै समग्र राष्ट्रिय राजनीतिक तथा संगठनात्मक अभियानका रूपमा सञ्चालन गर्नु उपयुक्त र आवश्यक देखिएको छ ।

यस अभियानमार्फत पार्टीको सम्पूर्ण शक्ति र संगठनलाई जनताको बीचमा परिचालन गर्दै, “राष्ट्रको पक्षमा पार्टी, जनताको बीचमा पार्टी” भन्ने व्यावहारिक आधार निर्माण गर्नु पर्नेछ । कार्य संयोजन समिति बैठकबाट राष्ट्रिय स्वाधीनता, जनजीविका, जनअधिकार, चुनावको तयारी तथा पार्टी समायोजन, सदस्यता नवीकरण र संगठन सुदृढीकरणका लागि राष्ट्रिय राजनीतिक तथा संगठनात्मक विशेष अभियानका रुपमा “राष्ट्रिय जागरण अभियान” सञ्चालन गर्ने निर्णय गरिएको छ ।

### २. अभियानको मूल उद्देश्य

यस अभियानको मूल उद्देश्य देहायबमोजिम हुनेछन्

१. नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाभिमान तथा राष्ट्रिय हितको संरक्षण र सुदृढीकरणका लागि जनजागरण र जनसहभागिता सिर्जना गर्ने ।

२.लोकतान्त्रिक अधिकार, गणतन्त्र, संविधान, विधिको शासन, सुशासन, सामाजिक न्याय तथा जनजीविकाका सवालमा जनमत निर्माण गर्ने ।

३. महँगी, बेरोजगारी, भ्रष्टाचार, कालोबजारी, बेथिति, असुरक्षा तथा जनविरोधी गतिविधिका विरुद्ध जनताको आवाजलाई संगठित गर्ने ।

४. राष्ट्रिय हित, स्वतन्त्र परराष्ट्र नीति, राष्ट्रिय सुरक्षा तथा बाह्य हस्तक्षेप र अनुचित चलखेलका विषयमा जनतालाई सचेत बनाउने ।

५. प्राकृतिक विपद्, बाढी, पहिरो, डुबान तथा अन्य विपद् बाट प्रभावित जनताको उद्धार, राहत, क्षतिपूर्ति तथा पुनःस्थापनाका लागि प्रभावकारी पहल गर्ने ।

६. पार्टीका सम्पूर्ण सदस्यको सदस्यता नवीकरण गरी सदस्यता अभिलेखलाई अद्यावधिक र व्यवस्थित बनाउने ।

७. नयाँ सदस्यता विस्तारका सम्भावित क्षेत्र पहिचान गरी योग्य, प्रतिबद्ध र पार्टीको नीति तथा विधानप्रति प्रतिबद्ध व्यक्तिलाई पार्टीमा संगठित गर्ने ।

८. पार्टी तथा जनवर्गीय संगठनका बाँकी संगठनात्मक समायोजन सम्पन्न गरी सबै तहका संगठनलाई व्यवस्थित, सक्रिय, जिम्मेवार र परिणाममुखी बनाउने ।
९. टोल तथा बस्तीसम्म राजनीतिक-वैचारिक प्रशिक्षण र जनसम्बन्ध विस्तार गर्ने ।
१०. आगामी महाधिवेशनका लागि पार्टी सदस्य, शुभेच्छुक तथा जनताबाट राजनीतिक, वैचारिक, संगठनात्मक, आर्थिक तथा कार्यशैलीसम्बन्धी सुझाव संकलन गर्ने ।
११. पार्टीभित्र जिम्मेवारी निर्धारण, कार्यसम्पादन, अनुगमन, मूल्याङ्कन, प्रोत्साहन तथा सुधारको व्यवस्थित प्रणाली विकास गर्ने ।
१२. बाँकी रहेका जिल्ला, पालिका तथा वडा तहमा पार्टी कार्यालय स्थापना गरी संगठनको स्थायी कार्यसम्पादन संरचना निर्माण गर्ने ।
१३. वडा-पालिका-जिल्ला-प्रदेश-केन्द्रबीच नियमित, संस्थागत र लिखित रिपोर्टिङ प्रणाली लागू गर्ने ।
१४. पार्टीको प्रचार, प्रकाशन तथा डिजिटल सञ्चार प्रणालीलाई प्रभावकारी, तथ्यमा आधारित, व्यवस्थित र आधुनिक बनाउने ।
१५. पार्टीभित्र महिला, युवा, विद्यार्थी, श्रमिक, किसान, दलित, आदिवासी जनजाति, मधेसी, पिछडिएका तथा विभिन्न सामाजिक समुदायको अर्थपूर्ण सहभागिता र नेतृत्व विकासलाई प्रोत्साहन गर्ने ।
१६. देशभक्त, लोकतान्त्रिक, वामपन्थी, सामाजिक अभियन्ता, नागरिक समाज, बुद्धिजीवी तथा जनप्रतिनिधिहरूसँग साझा जनसरोकारका विषयमा संवाद, सहकार्य र समन्वयको वातावरण निर्माण गर्ने ।
१७. स्थानीय तहदेखि केन्द्रसम्मको समग्र राजनीतिक परिस्थिति तथा विभिन्न राजनीतिक दल एवं राजनीतिक शक्तिहरूको अवस्था, भूमिका, प्रभाव र जनआधारको तथ्यगत अध्ययन गर्ने तथा आगामी स्थानीय तह र प्रदेशसभा निर्वाचनमा उनीहरूको सम्भावित भूमिका, स्थिति र प्रभावको वस्तुगत विश्लेषण गरी आवश्यक रणनीतिक आधार तयार गर्ने ।
१८. पार्टीको राजनीतिक कार्ययोजना, विचार र राजनितिक कार्यक्रमवारे स्पष्ट पार्ने ।
१९. आगामी स्थानीय तह र प्रदेशसभा निर्वाचनका लागि आवश्यक तयारी गर्ने ।

## ३. अभियानको मूल कार्यदिशा

यस अभियानलाई पार्टीको राजनीतिक पुनर्सक्रियता, संगठनात्मक पुनर्संरचना, जनसम्बन्ध विस्तार, वैचारिक पुनर्जागरण, सदस्यता नवीकरण, चुनावको तयारी, महाधिवेशन तयारी तथा राष्ट्रिय जनअभियानका रूपमा सञ्चालन गरिनेछ । यसको मूल कार्य जनताको बीचमा जाने, जनताको कुरा सुन्ने, जनताको समस्या बुझ्ने, समस्या अभिलेख गर्ने, समाधानका लागि पहल गर्ने हुनेछ । अभियान मार्फत् पार्टीलाई जनतासँग जोड्ने, सदस्यता नवीकरण गर्ने, संगठन विस्तार गर्ने, निष्क्रिय संगठनलाई पुनःसक्रिय बनाउने, राजनीतिक तथा वैचारिक प्रशिक्षण गर्ने, महाधिवेशनको आधार तयार गर्ने, राष्ट्रिय स्वाधीनता, जनजीविका र जनअधिकारका पक्षमा जनमत निर्माण गर्ने र सुदृढ, अनुशासित, जनआधारित तथा परिणाममुखी पार्टी निर्माण गर्ने कार्य हुनेछ । अभियान सञ्चालनको सिलसिलामा राष्ट्रिय राजनीति, सरकारी काम कारबाही तथा जनपरिचालनको क्षेत्रमा वस्तुस्थितिमा फेरबदल भएमा सोही अनुरुप अभियानको स्वरूप सशक्त जनपरिचालन समेतको दिशामा जान सकिनेछ ।

## ४. अभियानका प्रमुख राजनीतिक विषय

अभियानका क्रममा निम्न विषयलाई प्राथमिकताका साथ लगिनेछ :

### क. वैचारिक राजनीतिक कार्य

पार्टीको विचार, सिद्धान्त, राजनीतिक कार्यदिशा तथा कार्यनीतिबारे नियमित अध्ययन, छलफल र वैचारिक सम्प्रेषण गर्ने । पार्टीका नीति, कार्यक्रम तथा निर्णयहरूलाई जनतामाझ स्पष्ट, सरल र प्रभावकारी रूपमा प्रस्तुत गर्ने । समसामयिक राजनीतिक घटनाक्रम तथा विषयहरूमा पार्टीको आधिकारिक दृष्टिकोणबारे कार्यकर्ता र आम जनसमुदायलाई सुसूचित गराउने । साथै, वैचारिक स्पष्टता, राजनीतिक चेतना र नीतिगत समझदारी अभिवृद्धि गर्न अध्ययन, अन्तरक्रिया, छलफल तथा विचार आदानप्रदानका गतिविधिहरू सञ्चालन गर्ने ।

### ख. राष्ट्रिय स्वाधीनता र राष्ट्रिय हित

- नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता तथा राष्ट्रिय स्वाभिमानको रक्षा ।
- राष्ट्रिय हितमा आधारित स्वतन्त्र परराष्ट्र नीति, राष्ट्रिय सुरक्षा र राष्ट्रिय हितसँग सम्बन्धित विषयमा जनचेतना अभिवृद्धि ।
- बाह्य हस्तक्षेप तथा अनुचित राजनीतिक, आर्थिक र रणनीतिक चलखेलका विषयमा जनचेतना निर्माण ।
- असंलग्नता, पञ्चशील, विश्वशान्ति तथा राष्ट्रिय हितमा आधारित कूटनीतिक मान्यताको संरक्षण ।
- राष्ट्रिय स्रोत, साधन तथा प्राकृतिक सम्पदाको संरक्षण र राष्ट्रिय हितमा उपयोग ।

### ग. जनजीविका र सामाजिक न्याय

- महँगी तथा दैनिक उपभोग्य वस्तुको मूल्य नियन्त्रणका लागि सशक्त आवाज ।
- उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा युवाशक्तिको विदेश पलायन घटाउने नीतिको पक्षमा आवाज ।
- श्रमिक, किसान, सुकुम्वासी, विपन्न तथा उत्पीडित समुदायका अधिकारको संरक्षण ।
- शिक्षा, स्वास्थ्य, आवास, खाद्य सुरक्षा तथा सामाजिक सुरक्षाका सवालमा जनमतको सिर्जना ।
- श्रमको सम्मान र उत्पादनसँग जनशक्तिको सम्बन्धको पक्षमा जागरण ।
- प्राकृतिक विपद् बाट प्रभावित जनताको उद्धार, राहत तथा पुनःस्थापनाको सशक्त माग ।
- स्थानीय उत्पादन, रोजगारी तथा आत्मनिर्भर अर्थतन्त्रको प्रवर्द्धनको माग ।

### घ. संघीय लोकतान्त्रिक गणतन्त्र, सुशासन र जनअधिकार

- संविधानप्रदत्त गणतन्त्र, संघीयता, समावेशिता, धर्मनिरपेक्षता तथा मौलिक हकसहित लोकतान्त्रिक अधिकारको रक्षाको पक्षपोषण ।
- विधिको शासन तथा राज्यका संस्थागत मर्यादाको संरक्षणको पक्षमा जनमत सिर्जना ।
- भ्रष्टाचार, अनियमितता, सत्ताको दुरुपयोग तथा बेथितिका विरुद्ध जनमतको सिर्जना ।
- जनउत्तरदायी, पारदर्शी तथा जवाफदेही शासन प्रणालीका पक्षमा जनपरिचालन
- नागरिक स्वतन्त्रता तथा राजनीतिक अधिकारको संरक्षण ।
- सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी र जनमैत्री बनाउन दबाब तथा सहकार्य ।

## ५. संगठन सुदृढीकरणका प्रमुख कार्य

राष्ट्रिय राजनीतिक अभियानसँगै पार्टी संगठनलाई जनतासँग जोड्न निम्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ :

१. सम्पूर्ण पार्टी सदस्यको सदस्यता नवीकरण तथा अभिलेख अद्यावधिक गर्ने ।
२. नयाँ सदस्यता विस्तारका सम्भावित क्षेत्र पहिचान गरी योग्य तथा प्रतिबद्ध व्यक्तिलाई पार्टी सदस्यता प्रदान गर्ने।
३. निष्क्रिय तथा सम्पर्कविहीन सदस्यहरूको वास्तविक अवस्था पहिचान गरी पुनःसक्रिय बनाउने वा आवश्यक संगठनात्मक निर्णय गर्ने ।
४. पार्टी तथा जनवर्गीय संगठनका बाँकी समायोजनका काम निश्चित समयभित्र सम्पन्न गर्ने ।
५. प्रत्येक वडा, टोल तथा बस्तीमा संगठनको वास्तविक अवस्था, सदस्य संख्या, सक्रियता तथा जनसम्बन्धको विवरण तयार गर्ने ।
६. टोलस्तरमा पार्टी भेला तथा राजनीतिक-वैचारिक प्रशिक्षण सञ्चालन गर्ने ।
७. पार्टीको राजनीतिक कार्यदिशा, समसामयिक राजनीतिक परिस्थिति, पार्टी सदस्यको भूमिका, स्थानीय जनसरोकार तथा आगामी राजनीतिक कार्यभारबारे छलफल गर्ने ।
८. पार्टी सदस्यलाई जनताको समस्या सुन्ने, अभिलेख राख्ने तथा सम्बन्धित निकायमा समाधानका लागि पहल गर्ने कार्यपद्धतिसँग जोड्ने ।
९. आगामी महाधिवेशनका लागि सुझाव संकलन गर्ने ।
१०. पार्टीभित्र जिम्मेवारी, कामको अनुगमन तथा मूल्याङ्कन प्रणाली सुधारका लागि सुझाव संकलन गर्ने ।
११. पार्टी कार्यालय स्थापना हुन बाँकी जिल्ला, पालिका तथा वडा तहमा अभियान अवधिभित्र सम्भव भएसम्म कार्यालय स्थापना गर्ने ।
१२. प्रत्येक तहमा संगठनात्मक कार्ययोजना, जिम्मेवारी तथा न्यूनतम वार्षिक कार्यतालिका निर्माण गर्ने ।

## ६. महाधिवेशन केन्द्रित सुझाव संकलन

टोल, वडा, पालिका तथा जिल्ला तहमा हुने भेला तथा अन्तरक्रियाबाट मुख्यतः निम्न विषयमा सुझाव संकलन गरिनेछ :

पार्टीको राजनीतिक तथा वैचारिक दिशा, संगठनात्मक संरचना र कार्यशैली, जनतासँगको सम्बन्ध, नेता तथा कार्यकर्ताको भूमिका, आचरण, पार्टीभित्र लोकतान्त्रिक अभ्यास, नयाँ पुस्ताको सहभागिता र नेतृत्व विकास, महिला तथा सामाजिक रूपमा पछाडि परेका समुदायको नेतृत्वमा सहभागिता, पार्टी सञ्चालनमा आवश्यक सुधार, जनआधारित तथा परिणाममुखी संगठन निर्माण, आगामी राजनीतिक कार्यभार लगायत विषयमा सुझाव संकलन गरिने छ । यसैगरी जिम्मेवारी निर्धारण, कार्यसम्पादनका स्पष्ट सूचक, नियमित प्रगति विवरण, अनुगमन तथा मूल्याङ्कन, राम्रो कामको प्रोत्साहन, कमजोरी सुधारको प्रणाली, जिम्मेवारीअनुसार जवाफदेहिता, काम नगर्ने तथा जिम्मेवारी पूरा नगर्ने अवस्थाको संगठनात्मक समीक्षा जस्ता विषयमा प्राप्त सुझावलाई सम्बन्धित तहले संक्षेपीकरण गरी क्रमशः माथिल्लो तह हुँदै केन्द्रीय कार्यालयमा पठाउनेछ ।

## ७. निर्वाचनको तयारी तथा राजनीतिक अवस्थाको अध्ययन

नेपाली कम्युनिष्ट पार्टीको समग्र संगठनात्मक अवस्था, राजनीतिक प्रभाव, जनआधार तथा आगामी स्थानीय तह र प्रदेशसभा निर्वाचनसम्बन्धी परिस्थितिको तथ्यगत अध्ययन गरी विस्तृत विवरण तयार गरिनेछ । साथै, विभिन्न राजनीतिक दल तथा राजनीतिक शक्तिहरूको वर्तमान अवस्था, भूमिका, संगठनात्मक क्षमता, जनआधार र राजनीतिक प्रभावको वस्तुनिष्ठ अध्ययन तथा विश्लेषण गरिनेछ ।

निर्वाचनसँग सम्बन्धित सम्भावित राजनीतिक परिस्थिति र चुनौतीहरूको अध्ययन गरी प्राप्त तथ्य तथा सूचनाका आधारमा निर्वाचनसम्बन्धी तयारी र आवश्यक कार्ययोजना निर्माण गर्न सहयोग पुऱ्याइनेछ । यस क्रममा सम्बन्धित तहबाट तथ्य तथा विवरण संकलन, विश्लेषण र प्रमाणीकरण गरी केन्द्रीय कार्यालयमा पठाइनेछ ।

यस कार्यमार्फत पार्टीको संगठनात्मक तथा राजनीतिक अवस्थाको यथार्थ मूल्याङ्कन गर्दै आगामी स्थानीय तह र प्रदेशसभा निर्वाचनका लागि आवश्यक तयारी, समन्वय र संस्थागत कार्यक्षमता अभिवृद्धि गर्न योगदान पुऱ्याइनेछ ।

## ८. जनसम्पर्क तथा जनगुनासो व्यवस्थापन

अभियानलाई केवल संगठन विस्तारको कार्यक्रम नभई जनतासँग प्रत्यक्ष सम्बन्ध निर्माण गर्ने अभियानका रूपमा सञ्चालन गरिनेछ । यस क्रममा,

१. प्रत्येक वडा तथा पालिका तहमा जनताका प्रमुख समस्या तथा गुनासो संकलन गरिनेछ ।
२. समस्या विषयगत रूपमा वर्गीकरण गरी सम्बन्धित स्थानीय, प्रदेश वा केन्द्रीय निकायसमक्ष समाधानका लागि पहल गरिनेछ ।
३. पार्टी कार्यालय तथा अभियान टोलीमार्फत प्राप्त जनगुनासोको अभिलेख राखिनेछ ।
४. समाधानका लागि गरिएका पहलको प्रगति सम्बन्धित तहमा जानकारी गराइनेछ ।
५. अभियानको अन्त्यमा "जनताका प्रमुख समस्या र पार्टीको पहल" शीर्षकमा एकीकृत विवरण तयार गरिनेछ ।

यसबाट पार्टीको जनसम्बन्ध केवल सभा तथा कार्यक्रममा सीमित नभई समस्या सुन्ने, पहल गर्ने र परिणाम खोज्ने राजनीतिक संस्कारमा रूपान्तरण गर्ने लक्ष्य राखिनेछ ।

## ९. अभियानको संगठनात्मक संरचना

### क. केन्द्रीय अभियान संयोजन तथा अनुगमन समिति

अभियानको समग्र योजना, नीति, परिचालन, अनुगमन, समन्वय तथा समीक्षा गर्न पार्टी संयोजक र सहसंयोजकको संयोजनमा बढिमा १५ जनाको केन्द्रीय अभियान संयोजन तथा अनुगमन समिति गठन गरिनेछ । उक्त समितिले अभियानको समग्र कार्ययोजना बनाउने, राजनीतिक तथा संगठनात्मक कार्यक्रमको समन्वय गर्ने, आवश्यक निर्देशन जारी गर्ने, प्रदेश तथा जिल्ला तहबाट प्राप्त प्रतिवेदनको समीक्षा गर्ने, अभियानको प्रगति मूल्याङ्कन गर्ने, समस्या समाधानका लागि आवश्यक समन्वय गर्नेछ । एवं प्रकारले प्रदेश जिल्ला तथा स्थानीय पालिकासमितिहरुले इन्चार्जको नेतृत्वमा अभियान संयोजन तथा अनुगमन समिति गठन गरी सञ्चालन गरिनेछ ।

**ख. केन्द्रीय सचिवालयको काम केन्द्रीय कार्यालयले गर्नेछ ।**

अभियान संयोजन तथा अनुगमनको कार्य केन्द्रीय कार्यालयले गर्नेछ । प्रदेश जिल्ला तथा स्थानीय पालिकाहरुको कार्य विभाजन सम्बन्धित तहको कार्यालयहरूले गर्नेछ । अभियानको दैनिक कार्यसम्पादनलाई प्रभावकारी बनाउने, कार्यालयसँग समन्वय, सूचना संकलन, अभिलेख, प्रचार, प्रतिवेदन, आर्थिक व्यवस्थापन तथा दैनिक कार्यसम्पादनमा सहयोग गर्नेछ ।

**ग. प्रदेश, जिल्ला, पालिका तथा वडा अभियान संयोजन समिति**

केन्द्रको मूल संरचनाअनुसार सम्बन्धित तहमा अभियान संयोजन समिति तथा आवश्यक सचिवालय गठन गरिनेछ।

**घ. कार्यान्वयन टोली**

केन्द्रीय तथा प्रदेश तहका जिम्मेवार कमरेडको नेतृत्वमा सम्बन्धित जिल्ला, पालिका, वडा तथा टोलका जिम्मेवार कमरेडहरू सम्मिलित फिल्ड टोली गठन गरी तोकिएको क्षेत्रमा परिचालन गरिनेछ । अभियानका लागि प्रदेशको समन्वयमा जिल्ला तहमा भेला आयोजना गरिने छ । भेलावाट केन्द्रीय सदस्यको नेतृत्वमा सम्बन्धित प्रदेश समिति सदस्य, जिल्ला तहका कमरेड, पालिका पदाधिकारी तथा आवश्यकताअनुसार वडा र टोलका जिम्मेवार कमरेड समेटी आवश्यक संख्यामा पालिका स्तरमा खटिने अभियान टोली गठन गरिनेछ । यो टोली पालिकाका सबै वडातहमा परिचालित हुने छ ।

**ङ. जनवर्गीय संगठन तथा स्वयंसेवक परिचालन**

युवा, विद्यार्थी, महिला, मजदुर, किसान लगायत जनवर्गीय संगठनका सदस्य तथा स्वयंसेवकलाई अभियानमा संगठित रूपमा परिचालन गरिनेछ ।

**१०. अभियानको अवधि र चरण :** केन्द्रीय कार्य संयोजन समितिको बैठक सम्पन्न भएको दुई महिना अबधि अर्थात् मंसिर २५ सम्म अभियान संचालन हुनेछ । अभियानलाई वस्तुस्थिति, उपलब्धि र जनसहभागिताको आधारमा थप चरणमा निरन्तरता दिन सकिनेछ ।

**पहिलो चरण :** तयारी र अभिमुखीकरण (असोज २५ देखि कार्तिक ७) पहिलो चरण : तयारी र अभिमुखीकरण-

- केन्द्रीय निर्णय सम्प्रेषण तथा अभियान घोषणा ।
- प्रदेश, जिल्ला तथा पालिका तहमा जिम्मेवारी बाँडफाँट ।
- अभियान सामग्री तथा फाराम र सदस्यता तथा संगठनसम्बन्धी अभिलेख तयार ।
- कार्यान्वयन टोली परिचालन ।
- अभियानको उदघाटन कार्तिक ७ गते पार्टी केन्द्रीय कार्यालयमा आयोजित एक कार्यक्रमवाट गरिने छ ।

**दोस्रो चरण : जनसम्पर्क तथा संगठन सुदृढीकरण - कार्तिक ७ देखि मंसिर १४ सम्म**

- वडा, टोल तथा बस्तीमा पुग्ने ।
- सदस्यता नवीकरण र नयाँ सदस्यता विस्तार ।
- संगठनात्मक समायोजन । टोल भेला तथा राजनीतिक-वैचारिक प्रशिक्षण ।
- जनसरोकारका विषयको तथ्य संकलन । जनगुनासो तथा सुझाव संकलन ।
- चुनावको तयारी सम्बन्धी कार्य गर्ने
- जनताको माग तथा सुझावको संकलन तथा वर्गीकरण ।
- सम्बन्धित सरकार तथा निकायसमक्ष मागपत्र, ज्ञापनपत्र ।
- जनसभा, अन्तरक्रिया, गोष्ठी तथा पत्रकार सम्मेलन ।
- राष्ट्रिय स्वाधीनता, जनजीविका, जनअधिकार तथा सुशासनका सवालमा जनजागरण ।
- साझा जनसरोकारका विषयमा सहकार्य तथा समन्वय ।

**तेस्रो चरण : समीक्षा तथा आगामी कार्ययोजना - मंसिर १५ देखि मंसिर २५ सम्म**

- उपलब्धिको मूल्याङ्कन । समस्या तथा कमजोरीको समीक्षा ।
- सदस्यता तथा संगठनको अन्तिम विवरण ।
- महाधिवेशनका लागि सुझावको एकीकृत प्रतिवेदन ।
- जनगुनासो तथा जनसरोकारको एकीकृत विवरण ।
- आगामी राजनीतिक तथा संगठनात्मक कार्ययोजना निर्माण ।

## ११. राष्ट्रिय अभियानका कार्यक्रम

अभियानको प्रारम्भमा केन्द्रले देश र जनताका प्रमुख सरोकार तथा मागहरू संकलन गरी प्राथमिकताका विषय निर्धारण गर्नेछ । त्यसका आधारमा सम्बन्धित तहले आवश्यक कार्यक्रम सञ्चालन गर्नेछ ।

१. केन्द्रमा प्रधानमन्त्री, प्रदेशमा मुख्यमन्त्री तथा सम्बन्धित जिल्लामा प्रमुख जिल्ला अधिकारी वा सम्बन्धित निकायसमक्ष मागपत्ररज्ञापनपत्र पेश गरिनेछ ।

२. देशका विभिन्न स्थानमा जनभेला, अन्तरक्रिया, पत्रकार सम्मेलन तथा गोष्ठी आयोजना गरिनेछ ।

३. राष्ट्रिय स्वाधीनता, लोकतन्त्र, जनअधिकार, सुशासन तथा जनजीविकाका सवालमा जनचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।

४. पार्टीका आधिकारिक धारणा, नीति तथा कार्यक्रम नियमित रूपमा सार्वजनिक गरिनेछ ।

५. महँगी, भ्रष्टाचार, कालोबजारी, बेरोजगारी, असुरक्षा तथा जनताका अन्य समस्यामा सम्बन्धित निकायको ध्यानाकर्षण गराइनेछ ।

६. प्राकृतिक विपद् बाट प्रभावित जनताको वास्तविक अवस्था संकलन गरी उद्धार, राहत, क्षतिपूर्ति तथा पुनःस्थापनाका लागि पहल गरिनेछ ।

७. अभियानका क्रममा शान्तिपूर्ण, लोकतान्त्रिक तथा संवैधानिक विधिलाई प्राथमिकता दिइनेछ ।

८. अभियानका कार्यक्रम स्थानीय वस्तुस्थिति, जनताको आवश्यकता तथा सम्बन्धित तहको निर्णयअनुसार लचिलो ढंगले सञ्चालन गरिनेछ ।

९. अभियानका क्रममा जनसेवाका साथै नमूनायोग्य कार्यहरू समेत गरिनेछ ।

## १२. भोटेकोशी तथा अन्य विपद् प्रभावित जनताका लागि विशेष पहल

पार्टीले विपद् प्रभावित जनताको दुःखलाई आफ्नो राजनीतिक तथा सामाजिक जिम्मेवारीका रूपमा ग्रहण गर्नेछ । यसअन्तर्गत, प्रभावित क्षेत्रको वास्तविक अवस्था संकलन गर्ने ।, राहत तथा उद्धारमा सहयोग गर्ने ।, विस्थापित तथा प्रभावित परिवारको पुनःस्थापनाका लागि पहल गर्ने, सरकार तथा सम्बन्धित निकायसमक्ष क्षतिपूर्ति तथा पुनःस्थापनाको माग राख्ने ।, पार्टीको तर्फबाट सम्भव सहयोग परिचालन गर्ने ।, अभियानमा खटिएका टोलीले आफ्नो क्षेत्रका विपद् प्रभावित परिवारको विवरण संकलन गर्ने, विपद् प्रभावित जनताको दीर्घकालीन पुनःस्थापनाका विषयमा सम्बन्धित निकायसँग समन्वय गर्ने कार्य गरिनेछ ।

## १३. देशभक्त, लोकतान्त्रिक तथा वामपन्थी शक्ति र नागरिक समाजसँग सहकार्य

राष्ट्रिय स्वाधीनता, लोकतान्त्रिक गणतन्त्र, जनजीविका, सुशासन, सामाजिक न्याय तथा राष्ट्रिय हितका साझा सवालमा अन्य देशभक्त, लोकतान्त्रिक तथा वामपन्थी राजनीतिक दल, समूह तथा व्यक्तिसँग संवाद, सहकार्य र समन्वय गरिनेछ ।

यसका साथै, नागरिक समाज, बुद्धिजीवी, सामाजिक संघसंस्था, श्रमिक तथा किसान संगठन, सञ्चार क्षेत्र, विभिन्न राजनीतिक दलसँग आबद्ध तथा स्वतन्त्र जनप्रतिनिधि, देश तथा विदेशमा रहेका नेपाली समुदायसँग साझा सरोकारका विषयमा आवश्यक संवाद तथा सहकार्यको वातावरण निर्माण गरिनेछ । साझा विषयमा सहकार्य गर्दा पार्टीको नीति, सिद्धान्त, स्वतन्त्र निर्णय क्षमता तथा संगठनात्मक पहिचान कायम राखिनेछ ।

## १४. प्रवास प्रदेशमा रहेका पार्टी सदस्यहरूको परिचालन

प्रवास प्रदेशअन्तर्गत सम्बन्धित प्रदेश समितिको योजनाअनुसार राष्ट्रिय जागरण अभियान सञ्चालन गरिनेछ र पार्टीसम्बद्ध संगठनलाई समेत जोडिनेछ । प्रवासमा राष्ट्रिय हित तथा स्वाधीनतासम्बन्धी जनचेतना, प्रवासी नेपालीका समस्या समाधानमा पहल, नेपालको अवस्थाबारे तथ्यपरक जानकारी प्रवाह, नेपाली समुदायसँग अन्तरक्रिया तथा आवश्यकताअनुसार राजदूतावास तथा अन्य निकायसँग समन्वय गरिनेछ । पार्टीको वैचारिक विकास, संगठनात्मक सुदृढीकरण, श्रमिक अधिकार संरक्षण, जनसम्पर्क विस्तार तथा सामाजिक-आर्थिक रूपान्तरणका कार्यक्रममा प्राथमिकता दिइनेछ । कार्यक्रम सम्बन्धित देशको कानुन र स्थानीय परिस्थिति अनुकूल सञ्चालन हुनेछ ।

## १५. काठमाडौं उपत्यका जागरण अभियान

काठमाडौं उपत्यका केन्द्रित राष्ट्रिय जागरण अभियान, बागमती प्रदेश, उपत्यका विशेष प्रदेश र सम्पर्क प्रदेशले संयुक्त रूपमा अभियान टोली गठन गरी सञ्चालन गर्नेछन् । टोली प्रमुखको चयन आपसी सहमतिबाट गरिनेछ।

## १६. पार्टीको आर्थिक व्यवस्थापन

अभियानका लागि आवश्यक आर्थिक स्रोत पार्टीको नीति, निर्णय तथा प्रचलित कानुनी व्यवस्थाअनुसार परिचालन गरिनेछ ।

१. पार्टी सदस्य तथा शुभेच्छुकबाट प्राप्त सहयोग आधिकारिक माध्यमबाट संकलन गरिनेछ ।
२. प्राप्त सहयोग पार्टीको आधिकारिक खातामा जम्मा गरिनेछ ।
३. आय-व्ययको पारदर्शी अभिलेख राखिनेछ ।
४. अभियानको आर्थिक परिचालनमा मितव्ययिता, पारदर्शिता तथा जवाफदेहितालाई अनिवार्य आधार बनाइनेछ ।
५. प्रत्येक तहले आफ्नो आर्थिक गतिविधिको नियमित विवरण माथिल्लो तहमा पेश गर्नेछ ।
६. अभियानका नाममा व्यक्तिगत खातामा रकम संकलन गर्ने, अनधिकृत आर्थिक प्रतिबद्धता गर्ने वा स्रोतको दुरुपयोग गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

## १७. प्रचार तथा डिजिटल सञ्चार

अभियानलाई प्रभावकारी बनाउन पार्टीको प्रचार तथा सञ्चार प्रणालीलाई व्यवस्थित गरिनेछ । यसअन्तर्गत,

१. प्रत्येक तहले पार्टीको आधिकारिक डिजिटल सञ्चार माध्यमलाई व्यवस्थित गर्ने ।
२. अभियानका निर्णय, कार्यक्रम, गतिविधि, उपलब्धि तथा जनसरोकारका विषय नियमित रूपमा सम्प्रेषण गर्ने ।
३. सामाजिक सञ्जाल, वेबसाइट, डिजिटल बुलेटिन तथा अन्य उपयुक्त माध्यमको प्रभावकारी उपयोग गर्ने ।
४. तथ्यहीन, भ्रमपूर्ण वा गलत सूचनाको तथ्यगत ढंगले खण्डन गर्ने ।
५. पार्टीका आधिकारिक सामग्रीलाई एकरूपता र विश्वसनीयताका साथ सम्प्रेषण गर्ने ।
६. पार्टी सदस्यलाई पार्टीको नीति तथा आधिकारिक धारणा जनतासम्म पुऱ्याउने जिम्मेवारीबोध गराउने ।

## १८. पार्टी कार्यालयहरू

पार्टी केन्द्रीय कार्यालय लगायत सबै तहका कार्यालयहरूलाई व्यवस्थित रूपले सञ्चालन गरिनेछ । जनशक्ति अभाव भएमा कार्यालयहरूमा आवश्यक जनशक्ति र स्रोत-साधन जुटाउन पहल गरिनेछ ।
कार्यालयहरूले मुख्यतः निम्न कार्यहरू गर्नेछन् :

- नियमित जनसम्पर्क केन्द्रका रूपमा सञ्चालन गर्ने,
- पार्टी सदस्यतालगायतको संगठनात्मक अभिलेखीकरण गर्ने,
- जनगुनासा र सुझावहरू सङ्कलन गर्ने,
- पार्टीको सूचना तथा सञ्चार केन्द्रका रूपमा स्थापित गर्ने,
- अभियानका क्रममा सदस्यता एकीकरण, अभिलेख तयार तथा अद्यावधिक गर्ने, सदस्यता नवीकरण, सदस्यहरूको स्थानान्तरण र व्यक्तिगत विवरण सङ्कलन गर्ने,
- प्रतिवेदन, अनुगमन तथा मूल्याङ्कनको व्यवस्था मिलाउने,
- विपद् व्यवस्थापन क्षेत्रको लगत विवरण र कार्यहरूको प्रगति विवरण अद्यावधिक गर्ने,
- मातहतका पार्टी कार्यालयहरूबाट अद्यावधिक प्रतिवेदनहरू सङ्कलन गर्ने,
- प्राप्त प्रतिवेदनहरूको आधारमा नीति-निर्णय गर्नुपर्ने आवश्यकता परेमा सम्बन्धित तहको कार्यसमितिमा प्रस्ताव प्रस्तुत गर्ने ।

## १९. रिपोर्टिङ, अनुगमन तथा मूल्याङ्कन

अभियानको सफलताको प्रमुख आधार नियमित रिपोर्टिङ, अनुगमन तथा मूल्याङ्कनलाई बनाइनेछ । अभियान टोलीले हरेक टोलीका सदस्यहरुको कार्यक्षेत्रमा खटिएको दिन, सदस्यता नवीकरण संख्या, नयाँ सदस्यता संख्या, निष्क्रिय सदस्यको अवस्था, संगठनात्मक समायोजनको प्रगति, टोल भेला तथा प्रशिक्षण संख्या, संकलित सुझाव, जनगुनासो तथा जनसरोकारका विषय, पार्टी कार्यालय स्थापना, राहत तथा विपद्सम्बन्धी कार्य, प्रचार तथा सञ्चार गतिविधि, आर्थिक परिचालन तथा खर्च, अभियानका समस्या तथा चुनौती जस्ता विषयमा नियमित विवरण राख्नेछ । तल्लो तहबाट प्राप्त विवरणका आधारमा क्रमशः वडा, पालिका, जिल्ला तथा प्रदेशले प्रतिवेदन तयार गरी माथिल्लो तहमा पठाउनेछ । प्रदेश समितिले प्रदेशगत एकीकृत प्रतिवेदन केन्द्रमा पेश गर्नेछ ।

## २०. अभियानको मूल्याङ्कनका प्रमुख सूचक

अभियानको अन्त्यमा सफलता केवल कार्यक्रमको संख्याका आधारमा नभई निम्न परिणामका आधारमा मूल्याङ्कन गरिनेछ :

१. कति सदस्यको सदस्यता नवीकरण भयो ?
२. कति नयाँ सदस्य पार्टीमा जोडिए ?
३. कति निष्क्रिय सदस्य पुनःसक्रिय भए ?
४. कति संगठनात्मक समायोजन सम्पन्न भयो ?
५. कति टोलमा राजनीतिक-वैचारिक प्रशिक्षण भयो ?
६. जनताबाट कति सुझाव तथा समस्या संकलन भए ?
७. महाधिवेशनका लागि प्राप्त महत्वपूर्ण सुझाव के-के हुन् ?
८. कति पार्टी कार्यालय स्थापना भए ?
९. जनसरोकारका कति विषयमा पार्टीले प्रभावकारी पहल गऱ्यो ?
१०. कति जनगुनासो सम्बन्धित निकायमा पुऱ्याइयो र कति विषयमा समाधानको पहल भयो ?
११. पार्टीको जनसम्बन्ध तथा जनविश्वासमा सुधार आयो वा आएन ?
१२. रिपोर्टिङ तथा अनुगमन प्रणाली कति व्यवस्थित भयो ?
१३. पार्टी सदस्यको सक्रियता तथा जिम्मेवारीबोधमा कस्तो परिवर्तन आयो ?
१४. अभियानले पार्टीको राजनीतिक तथा संगठनात्मक सक्रियतामा कस्तो परिवर्तन ल्यायो ?
१५. जनसभाहरु कति भए र त्यसमा जनताको सहभागिता कस्ति रह्यो ?

## २१. अभियान आचारसंहिता तथा कार्यकर्ता अनुशासन

अभियानलाई मर्यादित, जनमुखी तथा परिणाममुखी बनाउन सबै तहका नेता, कार्यकर्ता तथा परिचालित टोलीले निम्न आधार पालना गर्नेछन्:

१. अभियानका सबै कार्यक्रम शान्तिपूर्ण, लोकतान्त्रिक तथा संवैधानिक विधिअनुसार सञ्चालन गर्ने ।
२. व्यक्तिगत आरोप, चरित्रहत्या, अपुष्ट सूचना तथा तथ्यहीन प्रचारबाट बच्ने ।
३. जनताको विश्वास, सम्मान तथा गोपनीयतालाई कायम राख्ने ।
४. अभियानका नाममा व्यक्तिगत आर्थिक लाभ वा अनुचित प्रभाव प्रयोग नगर्ने ।
५. पार्टीको आधिकारिक निर्णय तथा निर्देशनबाहेक संवेदनशील राजनीतिक विषयमा अनधिकृत अभिव्यक्ति नदिने ।
६. महिला, दलित, जनजाति, मधेसी, अल्पसंख्यक लगायत सबै समुदायप्रति सम्मानजनक व्यवहार गर्ने ।
७. अभियानका क्रममा प्राप्त व्यक्तिगत तथा संगठनात्मक विवरणको दुरुपयोग नगर्ने ।
८. पार्टीको नीति, विधान तथा संगठनात्मक अनुशासनविपरीतका गतिविधि भएमा त्यसबारे सम्बन्धित तहलाई जानकारी गराउने ।

## २२.महिला, युवा तथा नयाँ पुस्ताको विशेष परिचालन

पार्टीको दीर्घकालीन सुदृढीकरणका लागि अभियानमा महिला तथा युवाको अर्थपूर्ण सहभागितालाई विशेष प्राथमिकता दिइनेछ । यसअन्तर्गत महिला, युवा स्वयंसेवक टोली निर्माण, विद्यार्थी तथा युवा समुदायसँग राजनीतिक-वैचारिक अन्तरक्रिया, नयाँ पुस्ताका राजनीतिक, सामाजिक तथा रोजगारीसम्बन्धी सवालको संकलन, युवा तथा महिलाबाट प्राप्त सुझावलाई महाधिवेशनको दस्तावेज निर्माणमा समेटिने छ ।

## २३. अभियान टोलीमा साँस्कृतिकर्मीहरूको संलग्नताः

अभियानलाई थप प्रभावकारी, जनमुखी र व्यापक बनाउन अभियान टोलीमा साँस्कृतिकर्मीहरूको समेत सक्रिय सहभागिता सुनिश्चित गरिनेछ। गीत, संगीत, नाटक, कविता, साहित्य, लोककला तथा अन्य सांस्कृतिक प्रस्तुतिमार्फत अभियानका विषयवस्तुलाई सिर्जनात्मक र सन्देशमूलक ढङ्गले जनतामाझ प्रस्तुत गरिनेछ । साथै, विभिन्न भाषा, संस्कृति र समुदायको प्रतिनिधित्व गर्ने साँस्कृतिकर्मीहरूलाई समेट्दै अभियानलाई जनताको भावना, सामाजिक यथार्थ र सांस्कृतिक विविधतासँग जोडिनेछ । यसबाट अभियानप्रति जनआकर्षण र अपनत्व बढ्नुका साथै अभियानका उद्देश्यलाई व्यापक रूपमा स्थापित गर्न सहयोग पुग्ने छ ।

**२४.जोखिम व्यवस्थापन तथा समन्वय**

अभियानका क्रममा प्राकृतिक विपद्, प्रशासनिक अवरोध, स्वास्थ्यसम्बन्धी समस्या, सञ्चार अवरोध वा अन्य आकस्मिक परिस्थिति उत्पन्न भएमा सम्बन्धित तहले तत्काल माथिल्लो तहलाई जानकारी गराई वैकल्पिक योजना बनाउनेछ । अभियानमा खटिने टोलीको सुरक्षा, स्वास्थ्य तथा आवागमनलाई आवश्यकताअनुसार ध्यान दिइनेछ । आकस्मिक तथा संवेदनशील परिस्थितिका लागि प्रत्येक तहमा सम्पर्क व्यक्ति तोकिनेछ ।

**२५. अभियानबाट अपेक्षित परिणाम**

यस अभियानको माध्यमबाट निम्न परिणाम हासिल गर्ने अपेक्षा गरिएको छ,

१. पार्टीको सम्पूर्ण सदस्यता तथा संगठनको वास्तविक र अद्यावधिक विवरण तयार हुनेछ ।

२. निष्क्रिय संगठन तथा सदस्यहरू पुनःसक्रिय हुनेछन् ।

३. पार्टी तथा जनवर्गीय संगठनको बाँकी समायोजन सम्पन्न हुनेछ ।

४. टोलस्तरसम्म राजनीतिक-वैचारिक गतिविधि विस्तार हुनेछ ।

५. पार्टी र जनताबीच प्रत्यक्ष सम्बन्ध गहिरो र विस्तार हुनेछ ।

६. जनताका समस्या तथा गुनासोको व्यवस्थित अभिलेख तयार हुनेछ ।

७. महाधिवेशनका लागि सुझाव संकलन हुनेछ ।

८. पार्टी कार्यालय तथा संस्थागत संरचना विस्तार हुनेछ ।

९. नियमित रिपोर्टिङ, अनुगमन तथा मूल्याङ्कन प्रणाली संस्थागत हुनेछ ।

१०. पार्टीको प्रचार तथा डिजिटल सञ्चार प्रणाली थप प्रभावकारी हुनेछ ।

११. राष्ट्रिय स्वाधीनता, जनजीविका, जनअधिकार, सुशासन तथा सामाजिक न्यायका सवालमा पार्टीको जनसम्बन्ध विस्तार हुनेछ र जनगागरणमा बृद्धि हुनेछ ।

१२. पार्टीभित्र नयाँ पुस्ताको सहभागिता र नेतृत्व विकासका लागि आधार तयार हुनेछ ।

१३. पार्टीको राजनीतिक सक्रियता, संगठनात्मक क्षमता तथा जनविश्वासमा गुणात्मक सुधार ल्याउने आधार निर्माण हुनेछ ।

१४. अभियानलगत्तै पार्टीको केन्द्रीय सचिवालय, केन्द्रीय कार्य समिति बैठक बसि कार्यतालिकासहित महाधिवेशनको प्रक्रिया अघि बढाइने छ ।

१५. स्थानीय र प्रदेश सभा निर्वाचनमा पार्टीको तयारी र भूमिका सशक्त हुनेछ ।